नेपाल सरकार
# युवा, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

## रोजगारदाता र सीप/रोजगार खोजकर्ताहरूलाई सीप र रोजगारीको अवसर प्राप्त गर्ने सुनौलो अवसरसम्बन्धी जरुरी सूचना !

**प्रकाशित मिति : २०८३।०६।०६**

के तपाईंसँग सीप सिक्ने रुचि र योजना छ? के तपाईं आफ्नो योग्यता र अनुभवअनुसार रोजगारीको खोजीमा हुनुहुन्छ? के तपाईं आफ्नो सीप परीक्षण तथा प्रमाणीकरण गर्ने सोचमा हुनुहुन्छ? के तपाईं थप नयाँ सीप सिक्न चाहनुहुन्छ? त्यसो भए...

आगामी मिति २०८३/०६/१४ देखि २० सम्म **"सीप र रोजगारी : साझा जिम्मेवारी"** को मूल नारा सहित रोजगारदाता (Job Provider) को माग र सीप/रोजगार खोजकर्ता (Skill/Job Seeker) को योग्यता, अनुभव, सीप र रुचिको आधारमा सीप विकास, परीक्षण/प्रमाणीकरणसम्बन्धी कार्यका साथै रोजगार मिलान तथा सिफारिस गर्न कोशी प्रदेशको इटहरीमा आयोजना तथा सञ्चालन हुने **सीप तथा रोजगार मेला, २०८३** मा तपाईंको सक्रिय उपस्थितिको लागि यो सूचनामार्फत आव्हान गरिएको छ।

मेलामा अवश्य सहभागी हुनु भई मेलालाई भव्य र सफल बनाउन योगदान गर्नुहुन अनुरोध गरिन्छ।

**पुनश्चः** रोजगारदाता र सीप/रोजगार खोजकर्ताले jobfair.shramsansar.gov.np वा तलको QR Code मा स्क्यान गरी आफ्नो प्रोफाइल दर्ता गर्न सक्नुहुनेछ।